# नेपाल धितोपत्र बोर्ड
(नेपाल सरकारको धितोपत्र तथा वस्तु विनिमय बजारको नियामक निकाय)
# Securities Board of Nepal
(Nepal Government's Securities and Commodities Exchange Regulator)

## प्रेश विज्ञप्ति

### सार्वजनिक निष्काशनमा न्यूनतम १० कित्ता आवेदन दिन पाउने अझ सहभागिता मूलक व्यवस्था

सबै वर्गका लगानीकर्ताहरुको सहभागिता बढाउन उपलब्ध भएसम्म सबै आवेदकहरुले १० कित्ता शेयर पाउने समावेशी वितरण प्रणाली र आश्वा व्यवस्था २०७३ साल देखि लागू भएपश्चात काठमाडौं बाहिर सहित देशैभर साना तथा आम लगानीकर्ताको सहभागिता बढ्दै गएको छ । तथापि यसलाई अझ व्यवस्थित गर्नुपर्ने आवश्यकता देखिएको छ ।

यसै परिप्रेक्ष्यमा सार्वजनिक निष्काशनमा हालको कम्तिमा ५० कित्ता आवेदन गर्ने व्यवस्थामा परिवर्तन गरी अझ विद्यार्थी तथा स-साना पूँजी भएका वर्गको पूँजीबजारमा पहुँच बढाउने र यसलाई समावेशी वनाई यो बर्षको एक नेपाली एक डिम्याट खाता अभियानलाई थप प्रभावकारी बनाउने उद्देश्यले बोर्डले सार्वजनिक निष्काशनमा न्यूनतम १० कित्ता पनि आवेदन गर्न पाउने व्यवस्था गरेको छ । यस व्यवस्थालाई तत्काल कार्यान्वयन गर्न सम्बन्धित सबै निष्काशन तथा विक्री प्रबन्धक मर्चेन्ट बैंकरहरुलाई परिपत्र समेत गरिएको छ ।

यस्तो समावेशी व्यवस्थाले पूँजीबजारमा विद्यार्थीसहित स-साना पूँजी भएको वर्ग समेतको सहभागिता बढ्ने र यो बर्षको एक नेपाली एक डिम्याट खाता अभियानमा समेत व्यापक सहभागिता बढी पूँजीबजारको विकास तथा विस्तारमा थप टेवा पुग्ने बोर्डको अपेक्षा रहेको छ ।

मिति: २०७५।१२।२७

(निरज गिरी)
प्रवक्ता